महालक्ष्मी राजपत्र

खण्ड ७, संख्या १, असार २०, २०८०

भाग १

महालक्ष्मी नगरपालिका, ललितपुरको

आर्थिक ऐन, २०८०

प्रकाशित मितिः २०८०/०३/२०

महालक्ष्मी नगरपालिका, ललितपुर
आर्थिक ऐन, २०८०

प्रस्तावना: महालक्ष्मी नगरपालिका, ललितपुरको आर्थिक वर्ष २०८०/८१ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न, केही महसुल, कर, मालपोत र दस्तुर लगाउन, लिइरहेको दरलाई चालु राख्न तथा हेरफेर गरी स्थानीय कर, दस्तुर तथा शुल्क सङ्कलन गर्ने, छुट दिने तथा आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम महालक्ष्मी नगरपालिकाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:**

१. यस ऐनको नाम " आर्थिक ऐन, २०८०" रहेको छ ।

२. यो ऐन २०८० साल श्रावण १ गतेदेखि महालक्ष्मी नगरपालिका, ललितपुर क्षेत्रभित्र लागु हुनेछ ।

२. **सम्पत्ति कर:**

महालक्ष्मी नगरपालिका, ललितपुर क्षेत्रभित्र अनुसूची -१ बमोजिम सम्पत्ति कर लगाइने र असुल उपर गरिनेछ ।

३. **भूमिकर (मालपोत):**

महालक्ष्मी नगरपालिका, ललितपुर क्षेत्रभित्र अनुसूची - २ बमोजिम भूमिकर (मालपोत) लगाइने र असुल उपर गरिनेछ ।

४. **घरजग्गा बहाल कर:**

महालक्ष्मी नगरपालिका, ललितपुर क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा बहाल लिनेदिने बीचको सम्झौतामा उल्लेख भएको अवधि र रकममा अनुसूची - ३ बमोजिम बहालकर लगाइने र असुल उपर गरिनेछ ।

५. **व्यवसाय कर:**

महालक्ष्मी नगरपालिका, ललितपुर क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा अनुसूची - ४ बमोजिम पुँजीका आधारमा व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

६. **बहाल बिटौरी शुल्क:**

महालक्ष्मी नगरपालिका, ललितपुर क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका अनुसूची — ५ मा उल्लेख भएअनुसार हाट, बजार वा पसल तथा सरकारी जग्गामा बनेका संरचनाको उपयोगबापत सोही अनुसूचीमा भएको व्यवस्था अनुसारको बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ ।

७. **पार्किङ्ग शुल्क:**

महालक्ष्मी नगरपालिका, ललितपुर क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराएबापत अनुसूची - ६ बमोजिम पार्किङ्ग शुल्क लगाइने र असुल उपर गरिनेछ ।

८. **जडिबुटी, कवाडी र जीवजन्तु कर:**

महालक्ष्मी नगरपालिका, ललितपुर क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, बनकस(खर), कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यावसायिक कारोबार गरे बापत अनुसूची - ७ बमोजिम कर लगाइने र असुल उपर गरिनेछ ।

९. **सेवा शुल्क, दस्तुर:**

१. महालक्ष्मी नगरपालिका, ललितपुर क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, ट्रेकिङ्ग, कायोकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिप फ्लायर, र्‍याफ्टिङ्ग शुल्क, प्याराग्लाइडिङ्ग लगायतका स्थानीय पर्यटन,मनोरञ्जन तथा साहसिक खेलकुदसम्बन्धी सेवा वा व्यवसाय सञ्चालनमा अनुसूची - ८ बमोजिम शुल्क लगाइने र असुल उपर गरिनेछ ।

२. महालक्ष्मी नगरपालिका, ललितपुर क्षेत्रभित्र निर्माण, सञ्चालन वा व्यवस्थापन गरिएका अनुसूची — ९ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ ।

१०. कर छुट तथा जरिवानाः

१. उपदफा (२) मा उल्लेख गरेको अवस्थामा बाहेक यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका ब्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

२. क) महालक्ष्मी नगरपालिका, ललितपुर क्षेत्रभित्र सञ्चालनमा रहेका कुनै पनि उद्योग, पेसा, व्यापार तथा व्यवसाय हालसम्म पनि नगरपालिकामा दर्ता नगर्नु हुने पेसा तथा व्यवसायकर्मीहरुले आर्थिक वर्ष ०८०/८१ सुरु भएको ३ महिना (असोज मसान्त) भित्र र त्यसपछिको अर्को ३ महिना (पुष मसान्त) भित्र दर्ता गर्न आएमा त्यस्ता व्यवसायहरुलाई चालु आ.व.मा स्वीकृत राजश्वको दररेट अनुसार न. पा. स्थापना हुनु पूर्वको व्यवसाय भएमा न.पा. स्थापना भएको आ. व. देखि हाल सम्मको राजश्व हिसाब गरी दर्ता तथा वार्षिक दस्तुरमा क्रमश २५ (पच्चीस) र १० (दश) प्रतिशत छुट दिई व्यवसाय दर्ता गरिनेछ, तोकिएको समयमा दर्ता गर्न नआएमा यसै प्रकरणमा उल्लेखित दरमा हिसाब गरी तोकिए बमोजिमको जरिवानासमेत थप गरि दर्ता गरिनेछ साथै यस अघि नै व्यवसाय दर्ता गरी नियमित कर बुझाइरहनु भएका करदाताले आ. व. शुरु भएको पहिलो तीन महिनाभित्र कर तिर्न आएमा कर रकमको दश प्रतिशत र तीन महिना पछिको अर्को तीन महिनाभित्र कर तिर्न आएमा कर रकमको पाँच प्रतिशत कर छुट दिइनेछ।

ख) महिला, आदिवासी/जनजाति, अपाङ्गता भएका व्यक्ति लगायत लक्षित वर्गका व्यक्तिहरुलाई व्यवसाय दर्ता शुल्क र वार्षिक करमा ५० (पचास) प्रतिशत छुट दिइनेछ ।

ग) परम्परागत घरेलु उद्योगहरु ढाका, सुकुल र भाँडाकुँडाको व्यवसायलाई वार्षिक करमा पच्चीस प्रतिशत कर छुट दिइनेछ ।

घ) यस नगर क्षेत्रमा नेपाल सरकारले उपलव्ध गराएको नमूनाबमोजिम घर बनाउने भूकम्प प्रभावितहरुलाई घर नक्सा स्वीकृत दस्तुरमा पूरै छुट दिइनेछ ।

ङ) भूकम्प प्रभावितहरुले बनाउने घरको हकमा घर नक्सा स्वीकृत गर्दा लाग्ने दस्तुरमा पचास प्रतिशत छुट दिइनेछ ।

च) सम्पदा वस्ती क्षेत्रभित्र तोकिएको मापदण्ड पूरा गरी परम्परागत शैलीमा तोकिएकै सर्त अनुरुप घर निर्माण गर्दा नक्सा पास दस्तुरमा पचहत्तर प्रतिशत छुट दिइनेछ ।

छ) कृषि औजार निर्माण तथा मर्मतसम्बन्धी उद्योग र अर्ग्यानिक कृषि उत्पादन व्यवसायलाई सबै कर छुट गरिने छ ।

ज) नगरपालिकाभित्र नागरिकता प्रमाणपत्र सिफारिस, भूकम्प पीडितलाई दिइने सिफारिस, सर्जमिन मुचुल्का, विपन्नलाई दिइने सिफारिस, स्वास्थ्य उपचार, छात्रवृत्ति, वडाबाट नगरपालिकामा गरिने सिफारिस तथा नगरपालिकाबाट अन्य सरकारी निकायमा गरिने सिफारिसमा कुनै शुल्क र दस्तुर लिइने छैन ।

३. कुनै पनि करदाताले सम्बन्धित आ. व. को कर जुन आर्थिक वर्षको हो सोही आर्थिक वर्षमा तिर्नु पर्दछ तर उक्त आर्थिक वर्षमा नतिरी अर्को आर्थिक वर्षमा तिर्न आएमा लाग्ने करको प्रति वर्ष दस प्रतिशतको दरले थप जरिवाना सहित कर असुल गरिनेछ । यदि कुनै करदाताले आफूले तिर्नुपर्ने कर तथा जरिवाना रकम तीन वर्षसम्म पनि नबुझाए वा व्यवसाय नवीकरण नगरेमा निजको दर्ता खारेज गरिनेछ । खारेज भएको सोही व्यवसाय पुनः दर्ता गर्न आएमा बक्यौता रकम समेत लिई लाग्ने रकमको दोब्बर दस्तुर लिई पुनः दर्ता गरिनेछ ।

४. घर बहाल कर जुन आ.व.को हो सोही आ.व.मा वार्षिक रुपमा बुझाउनु पर्नेछ, करदाताले चाहेमा चालु आ.व. को कर मासिक, द्वैमासिक, त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा समेत दाखिला गर्न सकिनेछ ।

५. महालक्ष्मी नगरपालिका ललितपुर क्षेत्रभित्र नगर कार्यापालिकाको तोकेको निषेधित कार्य गरेमा अनुसूची ९(५) बमोजिम जरिवाना लिइने छ ।

११. <u>शिक्षा विकास कोष शुल्कः</u>

१. नगर क्षेत्रभित्र रहेका निजी शैक्षिक संस्था, शैक्षिक परामर्श सेवा तथा तालिम प्रदायक संस्थाहरुको अभिलेखीकरण, नवीकरण, परीक्षा शुल्क साथै स्थानान्तरण बापत अनुसूची- ४ मा तोकिएको दरमा शिक्षा विकास कोष शुल्क लगाई असुल उपर गरिनेछ ।

१२. **वातावरण संरक्षण शुल्कः**

१. नगर क्षेत्रभित्र सञ्चालनमा रहेका उद्योग, व्यवसायमा अनुसूची - ४ र अनुसूची- ७ बमोजिम तोकिएको दरमा वातावरण संरक्षण शुल्क र घर नक्सा स्वीकृत गर्दा अनुसूची- ९ बमोजिम वातावरण संरक्षण शुल्क लगाइने छ र उक्त रकम जम्मा गरी वातावरण संरक्षणका लागि खर्च गरिनेछ ।

२. यो शुल्क व्यवसाय करसँगै असुल उपर गरिनेछ ।

१३. **प्रक्रिया सरलीकरण तथा बाधा अड्काउ फुकुवा गर्न सक्नेः**

यस ऐन कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति, सुव्यवस्थामा खलल वा आवागमनमा अवरोध हुन जाने सम्भावना वा विपद्को कारणले कुनै जटिलता देखिएमा नगर कार्यपालिकाले आवश्यकतानुसार लगाइएको दस्तुर, शुल्क वा करको दर घटाउन, बढाउन वा पूर्ण वा आंशिक रुपमा छुट दिन वा अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको कुनै बाधा अड्काउ फुकाउन सक्नेछ ।

१४. **प्रहरीको सेवा लिन वा नगर प्रहरी खटाउन सक्नेः**

यो ऐन र अन्य कानुनले नगरपालिकाले गर्ने भनी तोकिएका वा नगरकार्यपालिका वा नगरपालिकाको न्यायिक समितिले गरेका निर्णयहरु कार्यान्वयन गर्न गराउन नेपाल प्रहरीको सहयोग माग्न वा नगर प्रहरी वा नगर प्रहरीको काम गर्न सेवा सम्झौता गरिलिएको जनशक्तिलाई नगरकार्यपालिकाको कार्यालयले खटाउन सक्नेछ ।

१५. **कर उठाउने अधिकारः**

यो ऐन बमोजिम कर, मालपोत, शुल्क, दस्तुर उठाउने कर्मचारीको अधिकार क्षेत्र कार्यालय र नगरपालिकामा रहनेछ ।

१६. **कर असुल गर्दा घटी बढी भएमा तथा दुविधा भएमाः**

यस ऐन अनुसार नगरपालिकाले करदातासँग कर, मालपोत,शुल्क,दस्तुर असुल गर्दा अङ्क गणितीय भूल वा प्रविधि वा प्राविधिक कमजोरीका कारणले करदाताबाट घटी रकम असुल भएकोमा बाँकी रकम थप गरी करदाताबाट असुल गर्न र करदाताबाट बढी रकम असुल गरिएको देखिएमा लाग्ने रकम जति कटाई बढी भए जति रकम सम्बन्धित करदातालाई फिर्ता गर्न प्रमुख प्रशासकीय अधिकृतले आदेश दिन सक्नेछ साथै एउटै व्यवसाय वा कम्पनी

खोली उद्देश्यमा धेरै विषय समावेश गरी न.पा.मा दर्ता तथा आबद्धता हुन आउँदा राजस्व असुल गर्न दुविधा पर्न गएमा उल्लेख भएमध्ये सबैभन्दा बढी लाग्ने एक शीर्षकको राजश्व लिई दर्ता तथा आबद्धता गराइनेछ ।

१७. विज्ञापन करः

महालक्ष्मी नगरपालिका, ललितपुर क्षेत्रभित्र विभिन्न हिसाबले गरिएका विज्ञापनहरुमा प्रदेश कानुनमा भएको व्यवस्था बमोजिम, नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम, अनुसूची - १० बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ ।

१८. आन्तरिक पर्यटन शुल्कः

आन्तरिक पर्यटन शुल्क सम्बन्धी प्रदेश कानुनमा पनि व्यवस्था भएको, महालक्ष्मी नगरपालिका ललितपुर क्षेत्रभित्र रहेको आन्तरिक पर्यटकीय क्षेत्र (मनमोहन मेमोरियल टावर र मनमोहन पार्क) प्रवेशमा अनुसुची - ११ बमोजिम प्रवेश शुल्क लगाई असुल उपर गरिनेछ ।

१९. कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधिः

यस ऐन मा भएको व्यवस्था अनुसार कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधि महालक्ष्मी नगरपालिका, ललितपुरको नगरकार्यपालिकाले तोके अनुसार हुनेछ ।

अनुसूची-१
(दफा २ सँग सम्बन्धित)
महालक्ष्मी नगरपालिका, ललितपुरको सम्पत्ति करको दर

क्र.सं.	विवरण	कायम दर प्रति स्क्वायर फिट (रुपैया)
१	गोदावरी खोला पश्चिम नाफा कमाउने प्रयोजनका निमित्त प्रयोग गरिएको भवन,व्यापारिक कम्प्लेक्स,निजी विद्यालय,निजी स्वास्थ्य संस्था तथा १० मिटर भन्दा बढी चौडा बाटोले छोएको सबै प्रकारका घर तथा भौतिक संरचना	०.७
२	गोदावरी खोला पूर्व नाफा कमाउने प्रयोजनका निमित्त प्रयोग गरिएको भवन, व्यापारिक कम्प्लेक्स, निजी विद्यालय,निजी स्वास्थ्य संस्था तथा १० मिटर भन्दा बढी चौडा बाटोले छोएको क्षेत्रभित्र बनेका सबै घर तथा भौतिक संरचना तथा प्रकरण १ बाहेक आर.सि.सि.फ्रेम स्ट्रक्चर घर समेत	०.५
३	माथि प्रकरण १ र २ बाहेकका	
क.	आर.सि.सि.फ्रेम स्ट्रक्चर घर तथा सिमेन्टको जोडाइमा इट्टा वा ढुङ्गाको गारो भएको घर	०.४
ख.	सिमेन्टको जोडाइमा इट्टा वा ढुङ्गाको गारो जस्ता वा टायलको छानो भएको घर	०.३
ग.	माटोको जोडाइमा इट्टा वा ढुङ्गाको गारो आर.सि.सि. छानो भएको घर	०.३
घ.	माटोको जोडाइमा इट्टा वा ढुङ्गाको गारो जस्ता वा टायलको छानो भएको घर	०.२५
ङ	बाहिर पाको भित्र कच्ची इट्टा वा ढुङ्गाको इट्टा वा माटोको जोडाइमा आर.सि.सि.जस्ता वा टायलको छानो भएको घर	०.२५
च.	ब्लक वा ट्रस र आइबिमको स्थायी संरचना	०.३
छ.	प्रिफ्याव तथा घर टहरा	०.२
ज.	कच्ची घर, अस्थायी टहरा	०.२

झ.	वडा नं. १० को हकमा भने माथि उल्लिखित दरको आधा मात्र लाग्नेछ ।	

नोटः सम्पत्ति करको लागि घर जग्गाको गणना गर्दा ८ आना सम्मको जग्गामा बनेको घर / संरचना र घर / संरचनाले चर्चेको जग्गा वा एउटै कित्ता भए ८ आना सम्मको जग्गालाई सम्पत्ति कर र बाँकी जग्गालाई भूमिकर (मालपोत) गणना गरिनेछ ।साथै घरमा लाग्ने करको हकमा प्रति वर्ष १ प्रतिशतका दरले ह्यास कट्टी हुँदै जाने र उक्त ह्रास कट्टी करको ७५ प्रतिशत सम्म मात्र लागु हुनेछ त्यस पश्चात ह्रास कट्टी गरिने छैन।

अनुसूची-२
(दफा ३ सँग सम्बन्धित)
महालक्ष्मी नगरपालिका, ललितपुरको भूमिकर (मालपोत) करको दर

क्र.सं.	विवरण	कायम दर प्रति आना (रुपैया)
१	कर्मनासा खोलादेखि गोदावरी खोला पश्चिम १० मिटर वा सोभन्दा बढी चौडा बाटोले छोएको जग्गा	५०
२	गोदावरी खोला पश्चिम र पूर्व ढुङ्गिनसम्म १० मिटर भन्दा कम चौडा बाटोले छोएको र वडा नं.१,२,३,४,५ र ६ का बाँकी सबै जग्गाहरु	३०
३	वडा नं. ६,७,८ र ९ का गोरेटो बाटोले छोएका जग्गाहरु	१५
४	वडा नं. १० का सबै जग्गा तथा जुनसुकै वडाका बाटोले नछोएको तथा भीरपाखो जग्गाहरु	६
५	वर्षभरि नै बाँझो राखिएको जग्गाको ह्रास कर प्रति आना	१००
६	गोदावरी खोला करिडोरमा पर्ने जग्गा	१०
७	गोदावरी खोला करिडोरले छोएको जग्गा	३०

अनुसूची-३
(दफा ४ सँग सम्बन्धित)
महालक्ष्मी नगरपालिका, ललितपुरको घरजग्गा बहाल करको दर

क्र.सं.	विवरण	कायम दर प्रतिशत (घर भाडा रकमको)
१	व्यावसायिक प्रयोजनमा भाडामा लगाएको घर	१०
२	आवासीय प्रयोजनमा भाडामा लगाएको घर	५
३	अन्य प्रयोजनमा भाडामा लगाएको घर **(बैदेशिक प्रयोजन)**	**५**

व्यावसायिक प्रयोजनमा भाडामा लगाएको जग्गा	
कृषि प्रयोजन	गैर कृषि प्रयोजन
२ (दुई) प्रतिशत	५ (पाँच) प्रतिशत

अनुसूची-४
(दफा ५ सँग सम्बन्धित)
महालक्ष्मी नगरपालिका, ललितपुरले आफ्नो क्षेत्रभित्र लगाउने व्यवसाय दर्ता, नवीकरण, नामसारी, स्थानान्तरण, वार्षिक कर तथा वातावरण शुल्कका दरहरु

क्र.सं.	व्यापारिक वस्तु	लागत पुंजी	दर्ता दस्तुर	नवीकरण दस्तुर तथा वार्षिक कर	नामसारी तथा नाम परिवर्तन दस्तुर	स्थानान्तरण दस्तुर	वातावरण संरक्षण शुल्क
१	चामल तथा तेल मिल	रु.१ देखि रु.२० लाख सम्म	१५००	७५०	२५०	५००	१००
		रु.२० लाख देखि ५० लाख सम्म	३०००	१५००	५००	१०००	२००
		रु. ५० लाख भन्दा माथि	४५००	२२५०	७५०	१५००	३००
२	मसला मिल	रु.१ देखि रु.२० लाख सम्म	५००	२५०	१००	१००	१००
		रु.२० लाख देखि ५० लाख सम्म	१०००	५००	२००	२००	२००
		रु. ५० लाख भन्दा माथि	१५००	७५०	३००	३००	३००
३	चिउरा मिल	रु.१ देखि रु.२० लाख सम्म	७५०	३७५	२५०	२५०	१००
		रु.२० लाख देखि ५० लाख सम्म	१५००	७५०	५००	५००	२००
		रु. ५० लाख भन्दा माथि	२२५०	११२५	७५०	७५०	३००

४	सुर्ती तथा सुर्तीजन्य पदार्थ	रु.१ देखि रु.२० लाख सम्म	७५०	३७५	२५०	२५०	१००
		रु.२० लाख देखि ५० लाख सम्म	१५००	७५०	५००	५००	२००
		रु. ५० लाख भन्दा माथि	२२५०	११२५	७५०	७५०	३००
५	मदिरा तथा मदिराजन्य पदार्थ (थोक)	रु.१ देखि रु.२० लाख सम्म	३०००	१५००	५००	५००	१००
		रु.२० लाख देखि ५० लाख सम्म	६०००	३०००	१०००	१०००	२००
		रु. ५० लाख भन्दा माथी	९०००	४५००	१५००	१५००	३००
६	मदिरा तथा मदिराजन्य पदार्थ (खुद्रा)	रु.१ देखि रु.२० लाख सम्म	२०००	१०००	५००	५००	१००
		रु.२० लाख देखि ५० लाख सम्म	४०००	२०००	१०००	१०००	२००
		रु. ५० लाख भन्दा माथि	६०००	३०००	१५००	१५००	३००
७	पेय पदार्थ,जुस तथा फलफूल	रु. १ देखि २० लाख सम्म	५००	२५०	१००	१००	१००
		रु. २० लाख देखि ५० लाख सम्म	१०००	५००	२००	२००	२००
		रु. ५० लाख भन्दा माथि	१५००	७५०	३००	३००	३००
८	आल्मुनियम,तामा, पित्तल, स्टील, फलाम लगायतका भाँडाकुँडा	रु.१ देखि रु.२० लाख सम्म	११००	६५०	२००	२००	१००
		रु.२० लाख देखि ५० लाख सम्म	२२००	११००	४००	४००	२००
		रु. ५० लाख भन्दा माथि	३३००	१६५०	६००	६००	३००

९	तयारी कपडा, तथा जुत्ता (छालाको बाहेक)	रु.१ देखि रु.२० लाख सम्म	७५०	३७५	२००	२००	१००
		रु.२० लाख देखि ५० लाख सम्म	१५००	७५०	४००	४००	२००
		रु. ५० लाख भन्दा माथि	२२५०	११२५	६००	६००	३००
१०	तयारी कपडा बाहेक अन्य कपडा	रु.१ देखि रु.२० लाख सम्म	२०००	१०००	५००	५००	५००
		रु.२० लाख देखि ५० लाख सम्म	४०००	२०००	१०००	१०००	१०००
		रु. ५० लाख भन्दा माथि	६०००	३०००	१५००	१५००	१५००
११	व्याग तथा छाला जुत्ता	रु.१ देखि रु.२० लाख सम्म	१५००	७५०	२५०	२५०	१००
		रु.२० लाख देखि ५० लाख सम्म	३०००	१५००	५००	५००	२००
		रु. ५० लाख भन्दा माथि	४५००	२२५०	७५०	७५०	३००
१२	घडी तथा चश्मा पसल	रु.१ देखि रु.२० लाख सम्म	७५०	३७५	२५०	२५०	१००
		रु.२० लाख देखि ५० लाख सम्म	१५००	७५०	५००	५००	२००
		रु. ५० लाख भन्दा माथि	२२५०	११२५	७५०	७५०	३००
१३	कस्मेटिक, ब्यूटिपार्लर, केश शृङ्गार, ड्राइक्लिनर्स, फोटो स्टुडियो, फोटो फ्रेम	रु.१ देखि रु.२० लाख सम्म	९००	४५०	१५०	१५०	१००
		रु.२० लाख देखि ५० लाख सम्म	१८००	९००	३००	३००	२००
		रु. ५० लाख भन्दा माथि	२७००	१३५०	४५०	४५०	३००

१४	बुटिक तथा सिलाई	रु.१ देखि रु.२० लाख सम्म	२५००	१२५०	१०००	१०००	१००
		रु.२० लाख देखि ५० लाख सम्म	५०००	२५००	२०००	२०००	२००
		रु. ५० लाख भन्दा माथि	७५००	३७५०	३०००	३०००	३००
१५	स्टेसनरी,पुस्तक तथा स्पोर्टस पसल	रु.१ देखि रु.२० लाख सम्म	१५००	७५०	३००	३००	१००
		रु.२० लाख देखि ५० लाख सम्म	३०००	१५००	६००	६००	२००
		रु. ५० लाख भन्दा माथि	४५००	२२५०	९००	९००	३००
१६	भिडियो क्यासेट तथा सि डी	रु.१ देखि रु.२० लाख सम्म	७५०	३७५	१००	१००	१००
		रु.२० लाख देखि ५० लाख सम्म	१५००	७५०	२००	२००	२००
		रु. ५० लाख भन्दा माथि	२२५०	११२५	३००	३००	३००
१७	दैनिक उपभोग्य वस्तु तथा किराना पसल	रु.१ देखि रु.२० लाख सम्म	१०००	५००	२५०	२५०	१००
		रु.२० लाख देखि ५० लाख सम्म	२०००	१०००	५००	५००	२००
		रु. ५० लाख भन्दा माथि	३०००	१५००	७५०	७५०	३००
१८	डिपार्टमेन्टल स्टोर	रु.१ देखि रु.२० लाख सम्म	७५००	३७५०	१५००	१५००	१००
		रु.२० लाख देखि ५० लाख सम्म	१५०००	७५००	३०००	३०००	२००
		रु. ५० लाख भन्दा माथि	२२५००	११२५०	४५००	४५००	३००

१९	मिनिमार्ट	रु.१ देखि रु.२० लाख सम्म	५५००	२७५०	१०००	१०००	१००
		रु.२० लाख देखि ५० लाख सम्म	११०००	५५००	२०००	२०००	२००
		रु. ५० लाख भन्दा माथि	१६५००	८२५०	३०००	३०००	३००
२०	विभिन्न उपभोग्य समानहरुको थोक व्यवसाय	रु.१ देखि रु.२० लाख सम्म	५०००	२५००	१०००	१०००	१००
		रु.२० लाख देखि ५० लाख सम्म	१००००	५०००	२०००	२०००	२००
		रु. ५० लाख भन्दा माथि	१५०००	७५००	३०००	३०००	३००
२१	रङ्गरोगन	रु.१ देखि रु.२० लाख सम्म	४०००	२०००	५००	५००	१००
		रु.२० लाख देखि ५० लाख सम्म	८०००	४०००	१०००	१०००	२००
		रु. ५० लाख भन्दा माथि	१२०००	६०००	१५००	१५००	३००
२२	इलेक्ट्रोनिक्स	रु.१ देखि रु.२० लाख सम्म	५५००	२७५०	१०००	१०००	१००
		रु.२० लाख देखि ५० लाख सम्म	११०००	५५००	२०००	२०००	२००
		रु. ५० लाख भन्दा माथि	१६५००	८२५०	३०००	३०००	३००
२३	इलेक्ट्रिकल्स	रु.१ देखि रु.२० लाख सम्म	१५००	७५०	२५०	२५०	१००
		रु.२० लाख देखि ५० लाख सम्म	३०००	१५००	५००	५००	२००
		रु. ५० लाख भन्दा माथि	४५००	२२५०	७५०	७५०	३००

२४	पेट्रोलियम पदार्थ	रु.१ देखि रु.२० लाख सम्म	१२५००	६२५०	१५००	१५००	१००
		रु.२० लाख देखि ५० लाख सम्म	२५०००	१२५००	३०००	३०००	२००
		रु. ५० लाख भन्दा माथि	३७५००	१८७५०	४५००	४५००	३००
२५	मोटरसाइकल पार्टस पसल	रु.१ देखि रु.२० लाख सम्म	१२५०	६२५	२५०	२५०	१००
		रु.२० लाख देखि ५० लाख सम्म	२५००	१२५०	५००	५००	२००
		रु. ५० लाख भन्दा माथि	३७५०	१८७५	७५०	७५०	३००
२६	ठूला / साना सवारी पार्टस पसल	रु.१ देखि रु.२० लाख सम्म	५०००	२५००	१०००	१०००	५००
		रु.२० लाख देखि ५० लाख सम्म	१००००	५०००	२०००	२०००	७५०
		रु. ५० लाख भन्दा माथि	१५०००	७५००	३०००	३०००	१०००
२७	सवारी साधन (चार पाङ्ग्रे) सोरुम	रु.१ देखि रु.२० लाख सम्म	५००००	२५०००	३००००	३००००	१०००
		रु.२० लाख देखि ५० लाख सम्म	१०००००	५००००	६००००	६००००	२०००
		रु. ५० लाख भन्दा माथि	१५००००	७५०००	९००००	९००००	३०००
२८	सवारी साधन (दुई पाङ्ग्रे) सोरुम	रु.१ देखि रु.२० लाख सम्म	२५०००	१२५००	१२५००	१२५००	१०००
		रु.२० लाख देखि ५० लाख सम्म	५००००	२५०००	२५०००	२५०००	२०००
		रु. ५० लाख भन्दा माथि	७५०००	३७५००	३७५००	३७५००	३०००

२९	रि कन्डिसन (चार पाङ्ग्रे)	रु.१ देखि रु.२० लाख सम्म	२५०००	१२५००	१२५००	१२५००	१०००
		रु.२० लाख देखि ५० लाख सम्म	५००००	२५०००	२५०००	२५०००	२०००
		रु. ५० लाख भन्दा माथि	७५०००	३७५००	३७५००	३७५००	३०००
३०	रि कन्डिसन (दुई पाङ्ग्रे)	रु.१ देखि रु.२० लाख सम्म	१२५००	६२५०	५०००	५०००	१०००
		रु.२० लाख देखि ५० लाख सम्म	२५०००	१२५००	१००००	१००००	२०००
		रु. ५० लाख भन्दा माथि	३७५००	१८७५०	१५०००	१५०००	३०००
३१	ज्वेलरी पसल	रु.१ देखि रु.२० लाख सम्म	४०००	२०००	५००	५००	१००
		रु.२० लाख देखि ५० लाख सम्म	८०००	४०००	१०००	१०००	२००
		रु. ५० लाख भन्दा माथि	१२०००	६०००	१५००	१५००	३००
३२	ज्वेलरी कारखाना	रु.१ देखि रु.२० लाख सम्म	२५०००	१२५००	१२५००	१२५००	१०००
		रु.२० लाख देखि ५० लाख सम्म	५००००	२५०००	२५०००	२५०००	२०००
		रु. ५० लाख भन्दा माथि	७५०००	३७५००	३७५००	३७५००	३०००
३३	वासिंग सेन्टर	रु.१ देखि रु.२० लाख सम्म	१५००	७५०	७५०	७५०	१००
		रु.२० लाख देखि ५० लाख सम्म	३०००	१५००	१५००	१५००	२००
		रु. ५० लाख भन्दा माथि	४५००	२२५०	२२५०	२२५०	३००

३४	फिटनेस सेन्टर	रु.१ देखि रु.२० लाख सम्म	२५०	१२५	१००	१५०	१००
		रु.२० लाख देखि ५० लाख सम्म	५००	२५०	२००	३००	२००
		रु. ५० लाख भन्दा माथि	७५०	३७५	३००	४५०	३००
३५	फिटनेस क्लव	रु.१ देखि रु.२० लाख सम्म	१०००	५००	५००	५००	१००
		रु.२० लाख देखि ५० लाख सम्म	२०००	१०००	१०००	१०००	२००
		रु. ५० लाख भन्दा माथि	३०००	१५००	१५००	१५००	३००
३६	वाद्यबादन सामग्री उत्पादन तथा बिक्री वितरण	रु.१ देखि रु.२० लाख सम्म	१०००	५००	५००	५००	१००
		रु.२० लाख देखि ५० लाख सम्म	२०००	१०००	१०००	१०००	२००
		रु. ५० लाख भन्दा माथि	३०००	१५००	१५००	१५००	३००
३७	वाद्यबादन सामग्री मर्मत	रु.१ देखि रु.२० लाख सम्म	५००	२५०	२५०	२५०	१००
		रु.२० लाख देखि ५० लाख सम्म	१०००	५००	५००	५००	२००
		रु. ५० लाख भन्दा माथि	२०००	१०००	१०००	१०००	३००
३८	ससेज उत्पादन व्यवसाय	रु.१ देखि रु.२० लाख सम्म	२५०	१२५	१००	१५०	१००
		रु.२० लाख देखि ५० लाख सम्म	५००	२५०	२००	३००	२००
		रु. ५० लाख भन्दा माथि	७५०	३७५	३००	४५०	३००

३९	ग्यास डिपो	रु.१ देखि रु.२० लाख सम्म	७५०	३७५	७५०	१०००	१००
		रु.२० लाख देखि ५० लाख सम्म	१५००	७५०	१५००	२०००	२००
		रु. ५० लाख भन्दा माथि	२२५०	११२५	२२५०	३०००	३००
४०	ग्यास र अक्सिजन बिक्रेता	रु.१ देखि रु.२० लाख सम्म	२५०	१००	१००	१५०	१००
		रु.२० लाख देखि ५० लाख सम्म	५००	२००	२००	३००	२००
		रु. ५० लाख भन्दा माथि	७५०	३००	३००	४५०	३००
४१	ह्याचरी हाउस, तथा अण्डा सप्लायर्स	रु.१ देखि रु.२० लाख सम्म	१०००	५००	५००	५००	१००
		रु.२० लाख देखि ५० लाख सम्म	२०००	१०००	१०००	१०००	२००
		रु. ५० लाख भन्दा माथि	३०००	१५००	१५००	१५००	३००
४२	पोल्ट्री फर्म तथा कालिज, बट्टाई लगायत अन्य पंक्षी जन्य पालन व्यवसाय	रु.१ देखि रु.२० लाख सम्म	१५००	७५०	१०००	१०००	१००
		रु.२० लाख देखि ५० लाख सम्म	३०००	१५००	२०००	२०००	२००
		रु. ५० लाख भन्दा माथि	४५००	२२५०	३०००	३०००	३००
४३	सैलुन		१०००	५००	५००	५००	१००
४४	लण्ड्री		५००	२५०	१००	१००	१००
४५	इट्टा उद्योग (प्रति चिम्नी)			३०००००		०	१००००

४६	काँचो इट्टा उत्पादन गर्ने व्यवसाय प्रति रोपनी		०	३०००	०	०	१०००
४७	इट्टा, वालुवा, ढुङ्गा र चिप्स डिपो सप्लायर्स	रु.१ देखि रु.२० लाख सम्म	२५००	१२५०	१०००	१०००	१००
		रु.२० लाख देखि ५० लाख सम्म	५०००	२५००	२०००	२०००	२००
		रु. ५० लाख भन्दा माथि	७५००	३७५०	३०००	३०००	३००
४८	सिमेन्ट ब्लक र सिमेन्टको इट्टा टायल उद्योग व्यवसाय	रु.१ देखि रु.२० लाख सम्म	२५००	१२५०	१०००	१०००	१००
		रु.२० लाख देखि ५० लाख सम्म	५०००	२५००	२०००	२०००	२००
		रु. ५० लाख भन्दा माथि	७५००	३७५०	३०००	३०००	३००
४९	निर्माण सामग्री/ हार्डवेयर लगायत अन्य	रु.१ देखि रु.२० लाख सम्म	५५००	२७५०	१०००	१०००	१००
		रु.२० लाख देखि ५० लाख सम्म	११०००	५५००	२०००	२०००	२००
		रु. ५० लाख भन्दा माथि	१६५००	८२५०	३०००	३०००	३००
५०	स्यनिटरी, टायल तथा मार्बल	रु.१ देखि रु.२० लाख सम्म	७५००	३७५०	१५००	१५००	१००
		रु.२० लाख देखि ५० लाख सम्म	१५०००	७५००	३०००	३०००	२००
		रु. ५० लाख भन्दा माथि	२२५००	११२५०	४५००	४५००	३००
५१	ग्रील उद्योग	रु.१ देखि रु.२० लाख सम्म	१०००	५००	५००	५००	१००
		रु.२० लाख देखि ५० लाख सम्म	२०००	१०००	१०००	१०००	२००
		रु. ५० लाख भन्दा माथि	३०००	१५००	१५००	१५००	३००

५२	अल्मुनियम, स्टिल तथा काठ फर्निचर उद्योग	रु.१ देखि रु.२० लाख सम्म	६०००	३०००	१०००	१५००	१००
		रु.२० लाख देखि ५० लाख सम्म	१२०००	६०००	२०००	३०००	२००
		रु. ५० लाख भन्दा माथि	१८०००	९०००	३०००	४५००	३००
५३	सिसा, प्लाइउड बिक्रेता	रु.१ देखि रु.२० लाख सम्म	५००	२५०	१००	१००	१००
		रु.२० लाख देखि ५० लाख सम्म	१०००	५००	२००	२००	२००
		रु. ५० लाख भन्दा माथि	१५००	७५०	३००	३००	३००
५४	स्टिल तथा काठ फर्निचर बिक्रेता	रु.१ देखि रु.२० लाख सम्म	२५००	१२५०	३००	३००	१००
		रु.२० लाख देखि ५० लाख सम्म	५०००	२५००	६००	६००	२००
		रु. ५० लाख भन्दा माथि	७५००	३७५०	९००	९००	३००
५५	खेलौना तथा उपहार बिक्रेता	रु.१ देखि रु.२० लाख सम्म	१०००	५००	२००	२००	१००
		रु.२० लाख देखि ५० लाख सम्म	२०००	१०००	४००	४००	२००
		रु. ५० लाख भन्दा माथि	३०००	१५००	६००	६००	३००
५६	ह्यान्डी क्रयाफ्ट	रु.१ देखि रु.२० लाख सम्म	२००	१००	१००	१००	१००
		रु.२० लाख देखि ५० लाख सम्म	४००	२००	२००	२००	२००
		रु. ५० लाख भन्दा माथि	६००	३००	३००	३००	३००

५७	टेक्सटायल तथा गार्मेन्ट पार्टस पसल	रु.१ देखि रु.२० लाख सम्म	५००	२५०	१००	१००	१००
		रु.२० लाख देखि ५० लाख सम्म	१०००	५००	२००	२००	२००
		रु. ५० लाख भन्दा माथि	१५००	७५०	३००	३००	३००
५८	मूर्तिकला तथा भाँडाकुडा निर्माण	रु.१ देखि रु.२० लाख सम्म	२५००	१२५०	१०००	१०००	१००
		रु.२० लाख देखि ५० लाख सम्म	५०००	२५००	२०००	२०००	२००
		रु. ५० लाख भन्दा माथि	७५००	३७५०	३०००	३०००	३००
५९	सफ्टवेयर निर्माण कम्पनी		३०००	१५००	३०००	३०००	१००
६०	अनलाइन व्यवसाय		३०००	१५००	३०००	३०००	१००
६१	तरकारी (हरियो) पसल	रु.१ देखि रु.२० लाख सम्म	५००	२५०	१००	१००	१००
		रु.२० लाख देखि ५० लाख सम्म	१०००	५००	२००	२००	२००
		रु. ५० लाख भन्दा माथि	१५००	७५०	३००	३००	३००
६२	ग्रोसरी	रु.१ देखि रु.२० लाख सम्म	२५००	१२५०	५००	५००	१००
		रु.२० लाख देखि ५० लाख सम्म	५०००	२५००	१०००	१०००	२००
		रु. ५० लाख भन्दा माथि	७५००	३७५०	१५००	१५००	३००

६३	कृषि बिउ विजन तथा किटनाशक विषादी	रु.१ देखि रु.२० लाख सम्म	५००	२५०	१००	१००	१००
		रु.२० लाख देखि ५० लाख सम्म	१०००	५००	२००	२००	२००
		रु. ५० लाख भन्दा माथि	१५००	७५०	३००	३००	३००
६४	आयात तथा निर्यात वा आयात निर्यात व्यवसाय	रु.१ देखि रु.२० लाख सम्म	३५००	१७५०	१०००	१०००	१००
		रु.२० लाख देखि ५० लाख सम्म	७०००	३५००	२०००	२०००	२००
		रु. ५० लाख भन्दा माथि	१०५००	५२५०	३०००	३०००	३००
६५	सेक्युरिटी गार्ड र सप्लायर्स		५०००	२५००	२०००	२०००	१००
६६	गाई भैसी फर्म	रु.१ देखि रु.२० लाख सम्म	५००	२५०	१००	१००	०
		रु.२० लाख देखि ५० लाख सम्म	१०००	५००	२००	२००	०
		रु. ५० लाख भन्दा माथि	१५००	७५०	३००	३००	०
६७	एकीकृत कृषि फर्म	रु.१ देखि रु.२० लाख सम्म	५००	२५०	१००	१००	०
		रु.२० लाख देखि ५० लाख सम्म	१०००	५००	२००	२००	०
		रु. ५० लाख भन्दा माथि	१५००	७५०	३००	३००	०
६८	भेडा, च्याङ्ग्रा तथा बाख्रा फर्म	रु.१ देखि रु.२० लाख सम्म	३००	१५०	१००	१००	०
		रु.२० लाख देखि ५० लाख सम्म	६००	३००	२००	२००	०
		रु. ५० लाख भन्दा माथि	९००	४५०	३००	३००	०

६९	सुँगुर तथा बंगुर पालन व्यवसाय	रु.१ देखि रु.२० लाख सम्म	४००	२००	१००	१००	३००
		रु.२० लाख देखि ५० लाख सम्म	८००	४००	२००	२००	४००
		रु. ५० लाख भन्दा माथि	१२००	६००	३००	३००	५००
७०	दूध डेरी	रु.१ देखि रु.२० लाख सम्म	५००	२५०	२००	३००	१००
		रु.२० लाख देखि ५० लाख सम्म	१०००	५००	४००	६००	२००
		रु. ५० लाख भन्दा माथि	१५००	७५०	६००	९००	३००
७१	माहुरी पालन व्यवसाय	रु.१ देखि रु.२० लाख सम्म	५००	२५०	२००	३००	१००
		रु.२० लाख देखि ५० लाख सम्म	१०००	५००	४००	६००	२००
		रु. ५० लाख भन्दा माथि	१५००	७५०	६००	९००	३००
७२	फर्म/उद्योग/सेवा शाखा विस्तार स्वीकृति		५०००				
७३	कृषिजन्य व्यावशाय,नर्सरी साखा विस्तार स्वीकृति		२०००				
७४	आरन व्यवसाय (घरेलु औजारहरु निर्माण तथा विक्री गर्ने व्यवसाय)		५००	२५०	२५०	२५०	१००

७५	माथिको वर्गीकरणमा समावेश नभएको बिबिध व्यवसायको कारोबारमा लाग्ने	रु.१ देखि रु.२० लाख सम्म	२०००	१०००	१०००	१०००	१००
		रु.२० लाख देखि ५० लाख सम्म	४०००	२०००	२०००	२०००	२००
		५० लाख भन्दा माथि	६०००	३०००	३०००	३०००	३००

क्र.सं.	विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा	दर्ता दस्तुर	नवीकरण दस्तुर तथा वार्षिक कर	नामसारी दस्तुर	स्थानान्तरण दस्तुर	शुल्क
१	चिकित्सक	५०००	१०००	०	०	०
२	कविराज	१०००	१०००	०	०	०
३	इन्जिनियर	५०००	१०००	०	०	०
४	कानून व्यवसायी	१५००	१०००	०	०	०
५	लेखा परीक्षक	१५००	१०००	०	०	०
६	दन्त चिकित्सक/नेत्र चिकित्सक	१५००	१०००	०	०	०
७	अनुसन्धानकर्ता तथा परामर्शदाता/ईन्जिनियरीङ कन्सल्टेन्सी समेत	१५००	१०००	०	०	०
८	कम्प्युटर एनालिस्ट तथा प्रोग्रामर	१५००	१०००	०	०	०
९	बिमा एजेन्ट	१५००	५००	०	०	०
१०	सर्भेयर	१५००	५००	०	०	०
११	अनुवादक	१५००	५००	०	०	०

१२	पशु चिकित्सक	१५००	५००	०	०	०
१३	सेयर दलाल	१५००	१०००	०	०	०
१४	सामान ढुवानीकर्ता तथा विविध सप्लायर्स कम्पनी	२०००	१०००	०	०	०
१५	ढुवानी सेवा व्यावशाय	३०००।-	१०००।-	०	०	०
१६	संस्थागत पेन्टर	५०००	१०००	०	०	०
१७	पर्दा कार्पेट पसल	३०००।-	१०००।-	१०००।-	१०००।-	२००।-
१७	मेन पावर	५०००	१०००	०	०	०

क्र.सं	निर्माण व्यवसाय	दर्ता दस्तुर	नवीकरण दस्तुर तथा वार्षिक कर	नामसारी तथा नाम परिवर्तन दस्तुर	स्थानान्तरण दस्तुर	वातावरण संरक्षण शुल्क
१	नगरपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसाय (क र ख वर्ग)	१००००	५०००	५०००	५०००	५००
२	नगरपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसाय (ग वर्ग)	५०००	२५००	२५००	२५००	४००
३	घ वर्गको निर्माण व्यवसाय इजाजत दस्तुर	१५,०००	५०००	क) नाम परिवर्तन रु. २५०० ख) नामसारी रु. ५००० ग) प्रतिलिपी दस्तुर रु २५००	क) न. पा. बाहिर जान- रु. ५००० ख) न. पा. भित्र आउन रु. ५०००	५००

	नोटः आ. व. शुरु भएको तीन महिना पछि घ वर्गको निर्माण व्यवसाय इजाजत पत्र नवीकरण गर्न आएमा थप रु. २००० (दुई हजार) लाग्नेछ ।					
४	विभिन्न प्रकारका समानहरुको ठेक्कापट्टा व्यवसाय	१००००	५०००	५०००	५०००	५००

क्र.स	उत्पादन मूलक उद्योग	लागत पुँजी	दर्ता दस्तुर	नवीकरण दस्तुर तथा वार्षिक कर	नामसारी तथा नाम परिवर्तन दस्तुर	स्थानान्तरण दस्तुर	वातावरण संरक्षण शुल्क
१	कोरामाल वा अर्धप्रशोधित माल वा खेर गइरहेको माल सामानको वा अन्य मालसामानको प्रयोग वा प्रशोधन गरी माल सामान उत्पादन गर्ने व्यवसाय	रु.१ देखि रु.२० लाख सम्म	२५००	१२५०	१०००	१०००	२००
		रु.२० लाख देखि ५० लाख सम्म	५०००	२५००	२०००	२०००	४००
		रु. ५० लाख भन्दा माथि	७५००	३७५०	३०००	३०००	६००
२	टेक्सटायल(गार्मेन्ट)	रु.१ देखि रु.२० लाख सम्म	२५००	१२५०	१०००	१०००	२००
		रु.२० लाख देखि ५० लाख सम्म	५०००	२५००	२०००	२०००	४००
		रु. ५० लाख भन्दा माथि	७५००	३७५०	३०००	३०००	६००
३	टेक्सटायल (बुनाइ,साइजिङतथा प्रिन्टिङ उद्योग)	रु.१ देखि रु.२० लाख सम्म	२०००	१०००	७५०	७५०	२००
		रु.२० लाख देखि ५० लाख सम्म	४०००	२०००	१५००	१५००	४००
		रु. ५० लाख भन्दा माथि	६०००	३०००	२२५०	२२५०	६००
४	घरेलु उत्पादन उद्योग		५००	२५०	२००	२००	१००

क्र.सं	उर्जामूलक उद्योग	दर्ता दस्तुर	नवीकरण दस्तुर तथा वार्षिक कर	नामसारी तथा नाम परिवर्तन दस्तुर	स्थानान्तरण दस्तुर	वातावरण संरक्षण शुल्क
१	जलश्रोत, वायू, सौर्यशक्ति, कोइला, प्राकृतिक तेल, ग्याँस, बायोग्याँस तथा अन्य श्रोतहरुबाट उर्जा पैदा गर्ने उद्योग व्यवसाय	५०००	२५००	३००	३००	५००
क्र.सं	**कृषि तथा वन्य जन्तु उद्योग**					
१	कृषि तथा वन्यजन्तु उद्योग, वन, वन पैदावारमा आधारित उद्योग (व्यवसायमा प्रस्तावित दरमा ५० प्रतिशत छुट हुने)	२५००	१२५०	३००	३००	०
२	काठ गोदाम तथा काठमिल	१५०००	७५००	७५००	७५००	५००
क्र.सं.	**खनिज उद्योग**					
१	खनिज उत्खनन् वा प्रशोधन गर्ने उद्योग व्यवसाय	२००००	१००००	१००००	१००००	५००
क्र.सं.	**पर्यटन उद्योग तथा होटल व्यवसाय**					
१	तीन तारे वा सो भन्दा माथिल्लो स्तरको होटल	३००००	१५०००	१००००	१००००	७००
२	रिसोर्ट, स्काइ ग्लाइडिङ, प्याराग्लाइडिङ, ट्राभल एजेन्सी	१५०००	७५००	७५००	७५००	५००

३	होटल एण्ड लज	११०००	५५००	७५००	७५००	३००
४	रेष्टुरेन्ट एण्ड बार	३०००	१५००	१५००	१०००	१००
५	ट्रेकिङ व्यवसाय	१०००	५००	८००	८००	१००
६	ट्राभल्स व्यावशाय	३०००	१५००	१०००	१०००	७००
६	खाजा घर तथा मिठाई पसल	१०००	५००	३००	२००	१००
७	क्याफे	१५००	७५०	१०००	५००	२००
८	चिया कफि तथा दुनोट पसल	५००	२५०	२००	३००	१००
९	होम स्टे	१००	५०	१००	१००	१००
क्र.सं.	**सेवा उद्योग**	**दर्ता दस्तुर**	**नवीकरण दस्तुर तथा वार्षिक कर**	**नामसारी तथा नाम परिवर्तन दस्तुर**	**स्थानान्तरण दस्तुर**	**वातावरण संरक्षण शुल्क**
१	छापाखाना, परामर्श सेवा, जिनिङ तथा वेलिङ व्यवसाय, चलचित्र व्यवसाय, सार्वजनिक परिवहन व्यवसाय, फोटोग्राफी, प्रयोगशाला, हवाइ सेवा, स्थल मार्ग यातायात टिकट काउण्टर, विज्ञापन एजेन्सी, मिडिया , शीतभण्डार,आदि उद्योग व्यवसाय	२२००	११००	४००	४००	२००
२	पेपर कटिङ उद्योग (स्टयाण्डर	३०००	१०००	५००	५००	२००

	कटिङ)					
३	ड्राईक्लिनर्स	३०००	१०००	५००	५००	२००
४	सैलुन	२०००	५००	५००	५००	२००
५	पानीपुरी तथा चटपटे पसल	१०००	५००	५००	५००	२००
६	साउण्ड सिस्टम	५००	२००	२००	२००	२००
क्र.सं.	**निर्माण उद्योग**					
१	सडक, पुल, रोपवे, ट्रलिवस, टनेल, फ्लाइङ बृज तथा औद्योगिक, व्यापारिक एवं आवाश कम्प्लेक्स आदि निर्माण गरि संचालन गर्ने उद्योग व्यवसाय	२५०००	१२५००	१००००	६०००	५००
२	तार जाली उद्योग	५०००	२५००	१५००	१५००	५००
क्र.सं.	**सञ्चार सेवा**					
१	निजी क्षेत्रको हुलाक सेवा (कुरियर)	१०००	५००	२००	२००	१००
२	निजी क्षेत्रको टेलिफोन, फ्याक्स,फोटोकपी, मोवाइल फोन, एस. टि.डि., आइ.एस.डी., ईमेल, इन्टरनेट, रेडीयो पेजिङ्ग आदि ।	१५००	७५०	२००	२००	१००

३	दूर संचारको टावर राख्ने अनुमती सिफारिस		२५०००			१०००
४	छपाइ तथा प्रकाशन प्रिन्टिङ प्रेश	५०००	२५००	२००	२००	१००
५	छपाइ तथा प्रकाशन प्रिन्टिङ प्रेश/ छपाई तथा मुद्रण	१००००	५०००	५०००	५०००	५००
खाद्य उद्योग (चाउचाउ, विस्कुट, बेकरी लगायत)		१००००	५०००	५०००	५०००	५००
क्र.सं.	**वित्तीय सेवा**					
१	नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको बाहेक आर्थिक कारोबार गर्ने बाणिज्य बैकहरु	१४५००	१००००			५००
२	विकास बैंकहरू	१००००	६०००			५००
३	आर्थिक कारोबार समेत गर्ने वित्तीय कम्पनीको मुख्य कार्यालय / फाइनान्स	१२०००	८०००			५००
४	वित्तीय कम्पनी शाखा कार्यालय	२०००	१०००			२००
५	बीमा कम्पनी	१००००	७५००			२००
६	बिदेशी मुद्रा सटही	३०००	१५००			२००
७	धितोपत्र कारोबार	४०००	२०००			२००

८	सहकारी बैंक	२०००	१०००			२००
९	मनी ट्रान्सफर	५०००	२५००			२००
१०	वचत तथा ऋण ब. उ. सहकारी ५ करोड देखि माथिका	५०००	२५००			
११	वचत तथा ऋण ब. उ. सहकारी ५ करोड सम्मका	२०००	१०००			
१२	महिला, कृषि र दुग्ध सहकारी	कुनै शुल्क नलाग्ने				
क्र.सं.	**स्वास्थ्य सेवा**					
१	गैर सरकारी अस्पताल	१५०००	७५००	७५००	७५००	२००
२	नर्सिङ होम	१५०००	७५००	७५००	७५००	२००
३	हस्पिटल निजी	५००००	२५०००	१२५००	१२५००	५००
४	क्लिनिक तथा ल्याव	५०००	२५००	१२५०	१२५०	२००
५	आयुर्वेदिक औषधालय तथा उपचार केन्द्र	२०००	१०००	५००	५००	२००
६	पोलिक्लिनिक	१००००	५०००	२२५०	२२५०	२००
७	औषधी तथा फार्मेसी	२०००	१०००	५००	१०००	२००
८	सुधार गृह	२०००	१०००	५००	१०००	२००
९	अक्सिजन उद्योग	१५०००	१००००	१००००	१००००	१०००

१०	औषधि तथा औषधिजन्य उद्योग (मेडिकल तथा सर्जिकल सामग्री)	१५०००	७५००	१००००	१००००	५००
क्र.सं.	**शिक्षा सेवा**					
१	तालिम तथा अनुसन्धान केन्द्र	३०००	२०००	५००	५००	१००
२	टाइपिङ, कम्प्यूटर तथा भाषा प्रशिक्षण संस्था	२०००	१५००	५००	५००	१००
३	अन्तराष्ट्रिय गैर सरकारी संस्था (शिक्षासँग सम्बन्धित)		१००००			१००

शिक्षालयहरुको आवद्धता अभिलेखिकरण तथा नविरकण एंव वार्षिक कर				
क्र.सं.	विवरण	आबद्धता र अभिलेखिकरण शुल्क	नवीकरण दस्तुर तथा वार्षिक कर	कैफियत
१	क्याम्पस तथा विश्वविद्यालयहरु	२५०००	१२५००	
२	आधारभूत तथा माध्यमिक विद्यालय	१५०००	७५००	५०० भन्दा कम बिद्यार्थी संख्या भएको
३	आधारभूत तथा माध्यमिक विद्यालय	२००००	१००००	५०१ देखि १००० सम्म बिद्यार्थी संख्या भएको
४	आधारभूत तथा माध्यमिक विद्यालय	२५०००	१२५००	१००१ भन्दा बढि बिद्यार्थी संख्या भएको
५	पूर्व प्राथमिक विद्यालय	१००००	५०००	

प्रत्येक कक्षा थपमा १ देखि ८ सम्म रु. १०,०००/- र ९ देखि १२ कक्षा सम्म रु. २०,०००/- दस्तुर लाग्नेछ साथै प्रमाण-पत्र प्रतिलिपि, हिज्जे भुल सुधार गरिएको शिक्षा क्षेत्रको आम्दानी रु.२००।- लाग्नेछ ।

विद्यालयको स्थान, स्वामित्व र नाम परिवर्तन				
क्र.सं.	तह	आन्तरिक स्थानान्तरण दस्तुर	वाह्य स्थानान्तरण दस्तुर	
१	पूर्व प्राथमिक	५०००	१००००	
२	आधारभूत तह	१००००	२००००	
३	माध्यमिक तह	१५०००	५००००	

विद्यालयको स्वामित्व परिवर्तन गर्दा रु. २५०००/- र नाम परिवर्तन गर्दा रु. १५०००/- दस्तुर लाग्नेछ ।

क्र.सं.	मर्मत तथा संभार सेवा	दर्ता दस्तुर	नवीकरण दस्तुर तथा वार्षिक कर	नामसारी तथा नाम परिवर्तन दस्तुर	स्थानान्तरण दस्तुर	वातावरण संरक्षण शुल्क
१	हेभि इक्विपमेन्ट	२००००	१००००	१००००	१०००	५००
२	मोटर वर्कसप	१५०००	७५००	५०००	५०००	२००
३	मोटरसाइकल वर्कसप	५०००	२५००	२०००	२०००	२००
४	रेडियो, टि.भि., घडी, प्रेशर कुकर, हिटर, टेलिफोन सेट, बिद्युत सामग्री मर्मत केन्द्र	१५००	७५०	२००	२००	१००
५	मोवाइल मर्मत र बिक्री	५००	२५०	२००	३००	१००
क्र.सं.	अन्य सेवा					
१	पार्टी प्यालेश	२००००	१००००	५०००	५०००	५००
२	क्याटरिङ तथा टेन्ट हाउस	२०००	१०००	१०००	१०००	५००
३	विज्ञापन सेवा	२२००	११००	४००	४००	२००

४	बैदेशिक रोजगार सेवा	१००००	५०००	३००	३००	५००
५	स्वदेशी रोजगार सेवा	१०००	५००	३००	१०००	०
६	सेक्रेटेरीयल सेवा	१५००	७५०	३००	३००	०
७	हाउजिङ कम्पनी तथा घर जग्गा खरिद बिक्री रियल स्टेट	२५०००	१२५००	१०००	१०००	१०००
८	साइनबोर्ड बनाउने पेन्टिङ सेवा	१५००	७५०	२००	२००	१००
९	पशु बधशाला	५०००	२५००	२००	२००	५००
१०	पुल हाउस तथा स्नुकर	३०००	१५००	५००	५००	१००
११	केबुल नेटवर्किङ	५०००	२५००	२००	२००	१००
१२	इन्टरनेट नेटवर्किङ	८०००	४०००	६००	६००	२००
क्र.सं.	**अन्य व्यवसाय**					
१	पार्क, पिकनिक स्पट		१५००			२००
२	टुर अपरेटर		५०००			२००
३	मसाज पार्लर	४०००	२०००	६००	६००	१००
४	स्विमिङ पुल	१००००	५०००	५०००	०	५००
५	ड्राइभिङ इन्स्टिच्यूट	३०००	१५००	४००	४००	५००
६	फुटसल / क्रिकेट र बास्केट बल टेनिङ	२०००	१०००	१०००	१०००	५००
७	फुटसल	१००००	५०००	५०००	५०००	५००

८	होस्टेल	३५००	१७५०	४००	४००	५००
९	होम केयर / डे केयर	३०००	१५००	५००	५००	५००
१०	पानी बोक्ने ट्यङकर व्यवसाय	१५,०००	१००००	२०००।-	१०००।-	५००
११	भूमिगत जलश्रोत तथा सतहश्रोत मार्फत पानी सङ्कलन गरी व्यवसाय गर्ने व्यवसायी	१५०००	७५००	३०००	३०००	१०००
१२	पानी प्रशोधन तथा वितरण (जार तथा बोतलमा प्याकिङ्ग गर्ने)	५०००	२५००	२५००	२५००	१०००
१३	घर नक्सा डिजाइन कन्सल्टेन्सी	१२०००	६०००	५०००		५००
१४	भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी तालिम लिएका निर्माण व्यवसायी / ठेकेदारको सूचीकरण	१५००	१०००	६००	६००	०
	(१) गैर सरकारी संस्था	३०००	२५००	१५००	१५००	५००
	(२) सामाजिक संस्था (अनुदान नलिएका), तथा धार्मिक संस्था	२००	१००	०	१००	०
	(३) टोल विकास संस्था	२०००	१०००	०	०	०

क्र.सं.	मासुजन्य व्यवसाय	दर्ता दस्तुर	नवीकरण दस्तुर तथा वार्षिक कर	नामसारी तथा नाम परिवर्तन दस्तुर	स्थानान्तरण दस्तुर	वातावरण संरक्षण शुल्क
१	राँगा तथा बंगुर	२०००	१०००	७५०	७५०	५००
२	भेडा, च्यांग्रा, खसी तथा बोका	३०००	१५००	५००	५००	२००
३	कुखुरा, हाँस तथा अन्य पंक्षी जन्य	१०००	५००	२५०	२५०	१००
क्र.सं	**मासुजन्य उद्योग**					
१	राँगा तथा बंगुर	५०००	२५००	१२५०	१२५०	५००
२	भेडा, च्यांग्रा, खसी तथा बोका	६०००	३०००	१५००	१५००	५००
३	कुखुरा, हाँस तथा अन्य पंक्षी जन्य	४०००	२०००	१०००	१०००	२००

अनुसूची – ५
दफा ६ सँग सम्बन्धित
महालक्ष्मी नगरपालिका ललितपुरको बहाल विटौरी शुल्कको दर

नगरपालिका क्षेत्रभित्र नगरपालिका आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट बजार, पसल तथा सार्वजनिक, सरकारी जग्गामा बनेको संरचना उपयोग बापत नगर कार्यपालिकाले तोके बमोजिमको बहाल विटौरी शुल्क लिनेछ ।

अनुसूची – ६
दफा ७ सँग सम्बन्धित
महालक्ष्मी नगरपालिका ललितपुरको पार्किङ शुल्कको दर

क्र.सं.	विवरण	प्रति घण्टा कर रु.	प्रति दिन रु.
१	ट्रक, बस, लहरी, मिनी ट्रक, मिनी बस, ट्र्याक्टर, क्रेन, डोजर, पावर टिलर, अन्य	२०	२००
२	कार, जिप, डेलिभरी भ्यान, टेम्पो, अटो रिक्सा	५	५०
३	मोटर साइकल, स्कुटर, मोपेड	५	५०

अनुसूची — ७
दफा ८ सँग सम्बन्धित
महालक्ष्मी नगरपालिका ललितपुरको जडिबुटी, कवाडी र जीवजन्तु करको दर

क्र. सं.	व्यापारिक बस्तु	दर्ता दस्तुर	नवीकरण दस्तुर तथा वार्षिक कर	नामसारी तथा नाम परिवर्तन दस्तुर	स्थानान्तरण दस्तुर	वातावरण संरक्षण शुल्क
१	कवाडी व्यवसाय	१५०००	१००००	१०००	१०००	५००
२	ऊन, खोटो, जडिबुटी, बनकस व्यवसाय	५००	३००	२००	२००	१००
३	प्रचलित कानूनले निषेध गरेको जीवजन्तु बाहेक अन्य मृत वा मारिएको जन्तुको हाड, सिङ, छाला तथा प्वाँख जस्ता व्यावसायिक कारोबार	१०००	५००	२५०	२५०	५००

अनुसूची – ८

दफा ९ को उपदफा (१) सँग सम्बन्धित

महालक्ष्मी नगरपालिका ललितपुरले आफ्नो क्षेत्रभित्र लगाउने सेवा शुल्कको दर

क्र. सं.	व्यवसाय	दर्ता दस्तुर	नवीकरण दस्तुर तथा वार्षिक कर	नामसारी तथा नाम परिवर्तन दस्तुर	स्थानान्तरण दस्तुर	वार्षिक सेवा शुल्क
१	केवुलकार	२००००	५०००	२५००	२५००	०
२	ट्रेकिङ	१०००	५००	५००	५००	०
३	कायोकिङ, क्यानोनिङ, बन्जी जम्प, जिप फ्लायर तथा प्याराग्लाइडिङ	२०००	१०००	५००	५००	०

अनुसूची – ९

दफा ९ को उपदफा (२) सँग सम्बन्धित

महालक्ष्मी नगरपालिका ललितपुरले आफ्नो क्षेत्रभित्र लगाउने सेवा शुल्कको दर

१) महालक्ष्मी नगरपालिका ललितपुरको घर निर्माण नक्सापास, नामसारी तथा नवीकरण गर्दा लाग्ने शुल्क तथा दस्तुर

क्र.सं.	बिषय	शुल्क तथा दस्तुर रु.	एकाइ	वातावरण संरक्षण शुल्क
१	व्यावसायिक भवनको नक्सा पास (६ हजार वर्ग फिट भन्दा कम)	१४	प्रति वर्ग फिट	१००० प्रति नक्सा
२	हाउजिङको घरको नक्सा पास	१९	प्रति वर्ग फिट	१००० प्रति नक्सा
३	आवासीय भवनको नक्सा पास (६ हजार वर्ग फिट भन्दा कम)	९	प्रति वर्ग फिट	१००० प्रति नक्सा
४	नक्सा पास (६ हजार देखि १० हजार वर्ग फिट सम्म)	२५	प्रति वर्ग फिट	१००० प्रति नक्सा
५	नक्सा पास (१० हजार वर्ग फिट भन्दा माथी)	३८	प्रति वर्ग फिट	१००० प्रति नक्सा
६	नक्सा नवीकरण (म्याद थप)	४	प्रति वर्ग फिट	
७	नक्सा नामसारी तीन पुस्ता भित्र)	७५०	प्रति नक्सा	
८	नक्सा नामसारी (तीन पुस्ता बाहिर)	३	प्रति वर्ग फिट	
९	घर नक्सा संशोधन	३२००	प्रति नक्सा	संशोधन हुने नक्सामा घरको क्षेत्रफल बढेको भए बढे जतिको नक्सा पास दस्तुर समेत लाग्नेछ ।
१०	सम्पत्ति मूल्यांकन	०.५	प्रति हजार	

घरको मूल्यांकन गर्दा आर.सी.सी. पक्की घरको प्रति वर्ग फिट रु. १५००/ र कच्ची घरको प्रति वर्ग फिट रु. १०००/- का दरले लाग्नेछ

२.अन्य शुल्क तथा दस्तुरहरु

क्र.सं.	विवरण	दर रु.	एकाइ	कैफियत
१	घर नक्सा प्रमाण पत्रको प्रमाणित प्रतिलिपि	१९००	प्रति नक्सा	
२	अस्थायी स्वीकृति प्रमाण पत्र	७५०	प्रति नक्सा	
३	स्थायी स्वीकृति प्रमाण पत्र	७५०	प्रति नक्सा	
४	आवासीय भवनको निर्माण सम्पन्न प्रमाण पत्र	१२५०	प्रति नक्सा	भूकम्प पीडितलाई ५०प्रतिशत छुट
५	व्यावसायिक भवनको निर्माण सम्पन्न प्रमाण पत्र	७	प्रति वर्ग फिट	
६	व्यावसायिक भवनको अभिलेखीकरण प्रमाण पत्र	७	प्रति वर्ग फिट	
७	नक्सा दरखास्त फारम	१२५०	प्रति गोटा	
८	निर्मित भवनको अभिलेखीकरण दरखास्त फाराम	७५०	प्रति गोटा	
९	डिजाइन परिवर्तन शुल्क	५०००		
१०	नाता प्रमाणितः १. वैदेशिक प्रयोजनका लागि गरिने नाता प्रमाणित २. अन्य प्रयोजनका लागि गरिने नाता प्रमाणित	७५० ५००	प्रति गोटा प्रति गोटा	
११	अपुताली सिफारिस	५०००	प्रति गोटा	
१२	जग्गा प्लटिङ गर्दा सहरी विकास मन्त्रालय / नगरपालिकाले जारी गरेको मापदण्ड पूरा गरेका	१००००	प्रति आना	

	प्लटिङ स्वीकृति (वडा नं १ देखि ९ सम्म)			
१३	जग्गा प्लटिङ गर्दा सहरी विकास मन्त्रालय / नगरपालिकाले जारी गरेको मापदण्ड पूरा गरेका प्लटिङ स्वीकृति (वडा नं १० मात्र)	३०००	प्रति आना	
१४	बिजुली जडान सिफारिस (नक्सा पास भएकोमा)	५००	प्रति गोटा	
१५	बिजुली जडान सिफारिस (नक्सा पास नभएको / व्यावसायिक)	१००००	प्रति गोटा	
१६	बिजुली जडान सिफारिस (नक्सा पास नभएको, स्ववासी र भूकम्प पीडित)	५००	प्रति गोटा	
१७	ट्युसन सेन्टर	१५००		
१८	एफ.एम.दर्ता	५०००		
१९	एफ.एम. नवीकरण	१०००		
२०	दूर सञ्चारको टावर राख्ने अनुमति सिफारिस	२५०००		वातावरण संरक्षण शुल्क रु. १०००/
२१	थ्रि फेज मिटर जडान सिफारिस दस्तुर	१०००	०	०
२२	व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि	५००		
२३	ढल जडान तथा व्यवस्थापन शुल्क			सम्बन्धित वडा कार्यालयले निर्णय गरे बमोजिम
२४	आर्थिक लेनदेनको कागज प्रमाणिकरण (अन्य)	२००|-		
२५	बैनाबट्टा लिखत प्रमाणिकरण	२००।-		

२६	कपाली तमसुक प्रमाणिकरण	२००।-		
२७	व्यवसायिक प्रयोजनका लागि गरिने सिफारिस	१०००|-	प्रति सिफारिस	
२८	वोलपत्र वापतको दस्तुर	१०००।- देखि ५०००।- सम्म		
२९	खानेपानी समिति दर्ता शुल्क (वातावरण शाखा अन्तर्गत)	५०००।-	२५००।-	
३०	माथि उल्लेख भएका बाहेक अन्य सबै सिफारिसहरुमा	५००|-		वडा कार्यालयहरुबाट न.पा.मा गरिने सिफारिसमा कुनै शुल्क नलाग्ने ।

३) घर बाटो सिफारिस दस्तुर (आना पछिको चानचुन एकाईलाई कर प्रयोजनको निमित्त गणना नगरिने)

क्र.सं.	विवरण	शुल्क तथा दस्तुर रु	एकाइ
१	मूल पिच सडक	६५०	प्रति आना
२	कच्ची मोटर बाटो	३५०	प्रति आना
३	सहायक पिच बाटो	४५०	प्रति आना
४	गोरेटो बाटो	२००	प्रति आना
५	बाटो नभएको	१५०	प्रति आना
६	अंश बण्डा सिफारिस	७५०	प्रति सिफारिस
७	चार किल्ला सिफारिस (वडा नं. १ देखि ९) क) मूल सडकसँग जोडिएका जग्गाहरु ख) सहायक पिच सडकसँग जोडिएका जग्गाहरु	 ३०० २५०	 प्रति आना प्रति आना

	ग) कच्ची मोटर बाटोसँग जोडिएका जग्गाहरु घ) गोरेटो बाटोसँग जोडिएका जग्गाहरु ङ) अन्य वडा नं. १० को हकमा - मूल सडक सँग जोडिएको जग्गा (दश आना सम्म) - मूल सडक सँग जोडिएको जग्गा (दश आना भन्दा बढि भएमा) - अन्य जग्गाहरु	२०० १०० १०० १०० २० ५	प्रति आना प्रति आना प्रति आना प्रति कित्ता प्रति आना प्रति आना
८	पूर्जामा घर कायम	५००	प्रति सिफारिस
९	पिच सडक खन्न सिफारिस	२०००	प्रति वर्ग मिटर
१०	प्लटिङ स्वीकृती (वडा नं. १० बाहेक)	१००००	प्रति आना
११	प्लटिङ स्वीकृती (वडा नं. १०)	३०००	प्रति आना

४. न्यायिक समितिसम्बन्धी सेवा दस्तुरः

क्र.सं.	विवरण	दर रु.	कैफियत
१	न्यायिक समितिमा पेश हुने उजुरी र प्रतिउत्तर पत्र दस्तुर लैङ्गिक हिंसा	१००	
२	न्यायिक समितिमा पेश हुने अन्य उजुरी र प्रतिउत्तर पत्र दस्तुर	५००	
३	न्यायिक समितिमा पेश हुने व्यावसायिक प्रकृतिका उजुरी र प्रतिउत्तर पत्र दस्तुर	१०००	
४	प्रतिलिपि पाँउ भन्ने र अन्य साधारण निवेदन	१००	
५	प्रतिलिपि दस्तुर	५	प्रति पेज
६	मिलापत्र दस्तुर	५००	

५. दण्ड जरीवानाः

क.सं.	विवरण	दर रु.	कैफियत
१	सार्वजनिक सडक तथा निषेधित क्षेत्रमा ठेलागाडा राखेमा	१०००|-	
२	सार्वजनिक सडक तथा निषेधित क्षेत्रमा डिजिटल ढक तराजु राखी व्यापार व्यवशाय गरेमा	५००|-	
३	सार्वजनिक सडक तथा निषेधित क्षेत्रमा साधारण ढक तराजु राखी व्यापार व्यवशाय गरेमा	३००|-	
४	सार्वजनिक सडकपेटी तथा निषेधित क्षेत्रमा जथाभावी सामान राखी व्यापार व्यवशाय गरेमा	५००|-	
५	सार्वजनिक सडक तथा निषेधित क्षेत्रमा गाडीमा जथाभावी सामान राखी व्यापार व्यवशाय गरेमा	३०००|-	
६	सार्वजनिक सडक तथा निषेधित क्षेत्रमा सइकलमा जथाभावी सामान राखी व्यापार व्यवशाय गरेमा	५००|-	
७	जथाभावी रुपमा खोला नदी लगायत सार्वजनिक सडक तथा निषेधित क्षेत्रमा फोहोर फ्याकने गाडीलाई	५०००|-	
८	जथाभावी रुपमा खोला नदी लगायत सार्वजनिक सडक तथा निषेधित क्षेत्रमा फोहोर फ्याकने व्यक्ति तथा समुहलाई	१०००|-	
९	सार्वजनिक स्थल लगायत विजुली, टेलिफोनको पोलमा नगरपालिकाको स्वीकृति बेगर पर्चा, पम्प्लेट, साईन बोर्ड राखेमा वा टाँसेमा	२०००|- देखि ५०००|- सम्म	
१०	सार्वजनिक सडक तथा निषेधित क्षेत्रभित्र निर्माण सामग्री राखेमा	२०००|- देखि ५०००|- सम्म	
११	पार्किङ निषेध इलाकाहरुमा मोटरसाइकल जथाभावी पार्किङ गरेमा	२००|-	
१२	सार्वजनिक सडक तथा निषेधित क्षेत्राधिकारभित्र वर्कशप सञ्चालन गरेमा	२०००|- देखि ५०००|- सम्म	
१३	स्वास्थ्यका लागि हानीकारक वस्तु तथा	३०००|- देखि	

	सडेगलेका खाद्यपदार्थ बिक्री बितरण गरिएको पाईएमा	५०००।- सम्म	
१४	रोगी तथा कानुनले निषेध गरेका पशुपंक्षी जीवजन्तुहरु काटमार गरी तयस्ता पशुपंक्षी र जीवजन्तुहरुको मासु बिक्री बितरण गरेमा	५,०००।- देखि १०,००० सम्म	
१५	सार्वजनिक सडक तथा निषेधित क्षेत्राधिकार भित्र कपडा पेलने मेशिन गाडी/व्यावशाय सञ्चालन गरेमा	१०००।-	
१६	निषेधित क्षेत्राधिकारभित्र **<u>चारपाङ्ग्रे सवारी साधन पार्किङ गरेमा</u>** (क) हेभी (ख) मिनिटाटा (ग) जिपकार/डेलीभरी भ्यान	 ५०००।- ३०००।- १०००।-	
१७	सार्वजनिक सडक तथा निषेधित क्षेत्राधिकारभित्र माछा बिक्री बितरण गरेको पाईएमा	१०००।-	
१८	सार्वजनिक सडक तथा निषेधित क्षेत्राधिकारभित्र व्यापार व्यावशायको लागि गाडीले विज्ञापन गरेको पाइएमा	१०००।-	
१९	सार्वजनिक सडक तथा निषेधित क्षेत्राधिकारभित्र सागसाब्जी बिक्री बितरण गरेको पाईएमा पक्राउ भएकै दिन	१००।-	
२०	सार्वजनिक सडक तथा निषेधित क्षेत्राधिकारभित्र आयुर्वेदिक औषधि बिक्री बितरण गरेको पाईएमा पक्राउ भएकै दिन	१००।-	
२१	सार्वजनिक सडक तथा निषेधित क्षेत्राधिकारभित्र कुखुरा बिक्री बितरण गरेको पाईएमा पक्राउ भएकै दिन	१००।-	
२२	सार्वजनिक सडक तथा निषेधित क्षेत्राधिकारभित्र खशी, बाखा बिक्री बितरण गरेको पाईएमा पक्राउ भएकै दिन	१०००।-	

अनुसूची-१०
दफा (१७) संग सम्बन्धित विज्ञापन करको दर

क्र. सं.	विवरण	दर रु.	कैफियत
१	कपडा र फ्लेक्सको सबै किसिमको प्रतिवर्ग मिटर	२०।-	
२	पटके होर्डिङ बोर्ड विज्ञापन गरेवापत	५०।-	
३	पसलका लागि स्थायी होर्डिङ बोर्डको विज्ञापन प्रतिवर्ग फिट	२५।-	
४	वाल सटर पेन्टिङ प्रतिवर्ग फिट	२५।-	
५	स्टल राखी विज्ञापन गरेवापत प्रति स्टल/प्रतिदिन	१५०।-	
६	पोल ब्यानर प्रति गोटा	७०।-	
७	डिजिटल बोर्ड ग्लोसाईन बोर्डमा गरिने विज्ञापनमा प्रचार सामग्रीको प्रति वर्गफिटको	६००।-	
८	निजी पसलमा कम्पनीको लोगो नराखी आफ्नो नाम राखेमा शुल्क लिन पाईने छैन ।		
८	सुर्तीजन्य मदिराजन्य तथा सामाजिक जनजिवनमा नकारात्मक प्रभाव पार्ने विज्ञापनका विषयमा विज्ञापन गर्न पाईने छैन ।		
१०	सरकारी निकाय र सामुदायिक विद्यालयहरुको होर्डिङ बोर्डहरुमा शुल्क लिन पाइने छैन ।		

अनुसूची – ११
दफा (१८) संग सम्बन्धित आन्तरिक पर्यटन शुल्कको दर

क्र. स.	विवरण	दर रु.	
१	सामान्य नागरिक प्रवेश शुल्क प्रतिव्यक्ति	५०।-	
२	विद्यार्थी प्रवेश शुल्क प्रतिव्यक्ति	२०।-	
३	विदेशी नागरिक प्रवेश शुल्क प्रतिव्यक्ति	१००।-	
५	ज्येष्ठ नागरिकहरुका लागि कुनै शुल्क लाग्ने छैन		
६	**अपांगता (फरक क्षमता) भएका व्यक्तिहरुका लागि कुनै शुल्क लाग्ने छैन**		

अनुसूची — १२

महालक्ष्मी नगरपालिकासँग रहेका मेशिनरी समाग्री प्रयोग वापतको भाडा शुल्क

क्र. स.	विवरण	दर रु.	
१	रोलर प्रतिदिन	८,०००।-	
२	ग्रेडर प्रतिदिन	१२,०००।-	
३	जेसिबी प्रतिघण्टा	९००।-	
५	पानी टयाङकर (प्रति टयाङकर)	२,०००।-	
६	ट्रिपर (प्रति ट्रिपर)/प्रतिदिन	९००।/७२००	

१. यस ऐनमा समावेश नभएको विषयमा करको शुल्क नगरकार्यपालिकाले निर्धारण गरेबमोजिम हुनेछ ।

२. कुनै व्यवसायी तथा व्यक्तिले अस्वभाविक तथा शंकास्पद आय वा सम्पत्ति घोषणा गरी कर लिनका लागि अनुरोध गरेमा नगर कार्यपालिकाको कार्यालय /वडा कार्यालयले आवश्यक ठानेमा स्थलगत सर्जमिन गराई यथार्थ विवरणको आधारमा कर असुल गरिनेछ ।

प्रमाणिकरण मितिः २०८०/०३/१२

आज्ञाले,
रुद्रलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत
महालक्ष्मी नगरपालिका, ललितपुर ।

महालक्ष्मी नगरपालिकाद्वारा मुद्रितः मूल्य रु. २०।-